# जनकपुरधाम उपमहानगरपालिका

## विनियोजन बिधेयक, २०८०

नगर सभामा पेश भएको मिति: २०८०।०३।०९

जनकपुरधाम उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

जनकपुरधाम उप-महानगरपालिका, धनुषा को आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक।

**प्रस्तावना :** जनकपुरधाम उप-महानगरपालिका, धनुषा २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम जनकपुरधाम उप महानगरपालिका, धनुषाको नगर सभाले यो बिधेयक बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "जनकपुरधाम उप-महानगरपालिका, धनुषाको विनियोजन बिधेयक, २०८०, " रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८०/८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **२,२८,२३,६९,२९०.००** (अक्षेरुपी: रुपैयाँ दुई अर्ब अठ्ठाईस करोड तेईस लाख उनान्सतरि हजार दुई सय नब्बे मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन :** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त जनकपुरधाम उप महानगरपालिका, धनुषाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

**४ . कार्यविधि बनाई लागु गर्न सक्ने :** यस विधेयकको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार नगर कार्यपालिकाबाट कार्यविधि वा निर्देशिका स्विकृत गरि कार्यान्वयन गर्न सकिनेछ ।

**५ . खारेजी तथा बचाउ :** (१) यो विधेयक नगर सभाबाट स्विकृत भई लागु भएपछि विनियोजन विधेयक, २०७९, खारेज हुनेछ ।

(२) विनियोजन विधेयक, २०७९, बमोजिम भए गरेको काम कारवाही यसै बिधेयक बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शिर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | ११०५६२८००० | ३५६४२४२९० | ० | १४४७०५२२९० |
| २ | वडा समिति | ७७२१५००० | २१९७८५००० | ० | २९७०००००० |
| ३ | URLIP प्रोजेक्ट | ३३६०६००० | ४८९७११००० | ० | ५२३३१७००० |
| ३ | वित्तिय व्यवस्था | ० | ० | १५०००००० | १५०००००० |
| कुल जम्मा | | १२१६४४९००० | १०६५९२०२९० | १५०००००० | २२८२३६९२९० |

२०८०।३।२०